प्रदेश सरकार, प्रदेश नं. ३

# आर्थिक मामिला तथा योजना मन्त्रालय

**सुचना नं. MOEAP 03-02/075/76**

## मोटरसाइकल तथा स्कुटर खरिद सम्वन्धी शिलवन्दी दरभाउपत्र आह्वानको सूचना

**(प्रथम पटक प्रकाशित मिति २०७५/०७/१४)**

यस मन्त्रालयलाई आवश्यक मोटरसाइकल तथा स्कुटर सिलबन्दी दरभाउपत्रको माध्यमबाट खरिद गर्नु पर्ने भएकोले निम्न शर्तहरुको अधीनमा रही यस सूचना बमोजिमको सामान सप्लाई गर्ने अनुमति पत्र प्राप्त इच्छुक योग्यता पुगेका अधिकृत बिक्रेता, कम्पनी, फर्म वा सप्लायर्सहरुले शिलबन्दी दरभाउपत्र पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

१. ईच्छुक दरभाउपत्रदाताहरुले यो सूचना प्रथम पटक प्रकाशित भएको १५ औं दिनसम्म कार्यालय समयभित्र लिखित निवेदनको साथमा दरभाउपत्रदाताको नविकरण भएको दर्ता प्रमाणपत्र, मूल्य अभिबृद्धिकर प्रमाणपत्र तथा आ.व.२०७४/०७५ सम्म कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरु पेश गरी आर्थिक मामिला तथा योजना मन्त्रालय, हेटौंडाबाट फिर्ता नहुने तपशिल बमोजिमको दस्तुर यस मन्त्रालयको स्टोर शाखामा बुझाई दरभाउपत्र खरिद गर्न सकिनेछ।

२. सूचना प्रकाशित भएको १६ औं दिनको १२:०० भित्र दरभाउपत्र शिलबन्दी गरी खाममा आफूले सप्लाई गर्ने सामानको विषय समेत उल्लेख गरी यस मन्त्रालयको स्टोर शाखामा दर्ता गराउनु पर्नेछ। निर्धारित समय भित्र दर्ता नभएको दरभाउपत्र मान्य हुने छैन।

३. दर्ता भएका दरभाउपत्रहरु १६ औं दिनको २:०० बजे कार्यालयका प्रतिनिधिहरु र उपस्थित दरभाउपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा यस मन्त्रालयमा खोलिनेछ। तर दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएपनि खोल्न बाधा पर्ने छैन।

४. दरभाउपत्रदाताले दरभाउपत्रसाथ तोकिए वमोजिमको जमानत बापत दरभाउपत्र दाखिला हुने अन्तिम मितिले ७५ (पचहत्तर) दिन म्याद भएको मान्यता प्राप्त क वर्गको बाणिज्य वैंकवाट जारी गरिएको सक्कल विडवण्ड संलग्न गर्नु पर्नेछ वा प्रदेश लेखा नियन्त्रक कार्यालयको धरौटी खाता नं. १३००२०१०००००१ (कार्यालय कोड नं. ३१-३३२-०१ र कार्यालयको नाम : आर्थिक माामिला तथा योजना मन्त्रालय, मकवानपुर) मा दाखिला भएको सक्कल बैंक भौचर संलग्न हुनु पर्नेछ।

५. दरभाउपत्र खरिद गर्ने, दाखिला गर्ने र खोल्ने अन्तिम दिन बिदा परेको खण्डमा त्यसको लगत्तै कार्यालय खुलेको दिन उल्लिखित कार्यहरु गरिनेछ।

६. दरभाउपत्र दाखिला हुने अन्तिम मिति देखि ४५ (पैंतालिस) दिनसम्म मान्य हुनेछ।

७. BOQ मा उल्लेख गरेको दररेट अङ्क र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ।

८. शिलबन्दी दरभाउपत्रदाताले फाराम भर्दा राम्ररी अध्ययन गरी सच्याएको ठाउँमा र प्रत्येक पानामा आफूले हस्ताक्षर गरी आफ्नो फर्मको छाप समेत लगाउनु पर्नेछ।

९. दरभाउपत्र सम्बन्धी अन्य कुनै कुरा बुझ्नु पर्ने भएमा कार्यालय समयभित्र यस मन्त्रालयको स्टोर शाखामा सम्पर्क राख्न सकिनेछ।

१०. दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने सम्पूर्ण अधिकार यस मन्त्रालयमा निहीत रहनेछ।

११. दरभाउपत्र सम्बन्धी अन्य काम कारवाही प्रचलित ऐन नियम अनुसार हुनेछ।

| क्र.सं. | ठेक्का नं. | सामानको विवरण | दरभाउपत्रको दस्तुर | बिडबण्ड रकम रु. | बोलपत्र पेश गर्ने तरिका |
|---|---|---|---|---|---|
| १ | MOEAP03-02/075/76 | मोटरसाइकल तथा स्कुटर | १०००।०० | ४५,०००।०० | शिलबन्दी दरभाउपत्र |

फोन : ०५७-५२७५२०, फ्याक्स : ०५७-५२७५१८, Email: info@moeap.p3.gov.np, URL: moeap.p3.gov.np
हरिकुञ्ज रोड, हेटौंडा उ.म.न.पा.-२, मकवानपुर